त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ त्रिपुराकोट खण्ड : ३ २०७५ असोज १ गते

भाग २ अंक

त्रिपुरासुन्दरी नगरपालिकाको

## ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५

प्रस्तावना :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्‌भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न त्रिपुरासुन्दरी नगरपालिकामा ज्येष्ठ नागरिक परिचय- पत्र वितरण निर्देशिका २०७५ जारी गरिएको छ ।

१. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

२. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य,स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय,अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

३. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**४. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

**५. परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेरपुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**६. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा त्रिपुरा सुन्दरी नगरपालिकाको निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (क्ष्शभ) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**७. परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष अनुसूची २ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी त्रिपुरा सुन्दरी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा.को कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित त्रिपुरा सुन्दरी नगरपालिकामा निवेदन पेस गर्नँपर्नेछ ।

८. विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित त्रिपुरासुन्दरी नगरपालिकाले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

# अनुसूची - १

## त्रिपुरासुन्दरी नगरपालिका

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय-पत्र प.प. नं :-

नाम थरः ............................................

ना.प्र.न.: ..........

ठेगानाः जिल्ला ........................न.पा.: ............................

वडा नं.: ............ टोल/गाऊँः .........

उमेरः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरु : ....................................

पति/पत्नीको नाम : ..........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः .........................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :
..................................................................................................... रक्त
समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम
...................................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

मितिः

नाम थर :

पद :कार्यालय :

## अनुसूची - २

## त्रिपुरासुन्दरी नगरपालिका

## ज्येष्ठ नागरिक परिचय पत्र लिनको लागि दिइने निवेदनको ढाँचा

मितिः २०७५/ /

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू

त्रिपुरा सुन्दरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,न्यूरोड कास्की ।

विषयः ज्येष्ठ नागरिक परिचय पत्र पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा ज्येष्ठ नागरिक ऐन, २०६३ र र नियमावली २०६५ बमोजिम यस त्रिपुरा सुन्दरी नगरपालिका वडा नं ....... . मा बसोवास गर्ने म ......................................................लाई ज्येष्ठ नागरिक परिचय पत्रको आवश्यकता परेकोले उक्त परिचय पत्र उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

निवेदकको

नामथरः ठेगाना त्रिपुरा सुन्दरी नगरपालिकावडा नं :

संरक्षकको नामथर

संरक्षकसँगको नाताः

**प्रमाणिकरण मितिः**

**राजपत्र प्रकाशित मितिः**